# पोखरेली पत्रकारिताः २०१७-२०४६

केशवराज पराजुली

## हिमदूतः आरम्भ बिन्दु

*हिमदूत* साप्ताहिक पोखराको पहिलो पत्रिका हो । यसको प्रकाशन २०१७ कात्तिक २६ बाट सुरु भएको थियो । यसको प्रकाशक र सम्पादक जगन्नाथ सिग्देल थिए । यसको मुद्रण गङ्गा प्रेस भैरवटोल पोखरामा भएको थियो ।

२००७ सालको जनक्रान्तिले १०४ वर्षको निरङ्कुश राणा जहाँनिया शासनको अन्त्य गरेपछि पोखरामा पनि परिवर्तनको हावा लाग्ने नै भयो । क्रान्तिको बेलामा स्थानीय अगुवाहरूमा जनचेतना जगाउनुपर्ने, उनीहरूलाई सङ्गठित गर्नुपर्ने खाँचो बोध भयो । त्यसका निमित्त पहिले शिक्षा दीक्षाका लागि आधुनिक शिक्षा दिने विद्यालय खोल्ने, ठाउँठाउँमा पुस्तकालय वाचनालय स्थापना गरेर चलाउने, राजनीतिक दल, तत्कालको जल्दोबल्दो परिवर्तनको संवाहक नेपाली काङ्ग्रेसका स्थानीय समितिहरू सङ्गटन गर्ने र बाह्य सम्पर्कका लागि अवरोध बनेको बाटोघाटोको कठिनतालाई सरल बनाउने दिशामा हवाइ यातायात खुलाउन प्रयत्न गर्नुपर्ने उनीहरूले अनुभव गरे । त्यसपछि भद्रकाली र बाराही स्कूल खोलिए । आदर्श पुस्तकालय र अरण्यज्योति पुस्तकालयको स्थापना गरियो । गाउँगाउँमा नेपाली काङ्ग्रेसको सङ्गठनका स्थानीय एकाइहरू गठन गर्ने कार्य अभियानका रूपमा थालियो र जनश्रमदानबाट विमानस्थलको निर्माण गर्ने कार्य पनि तदारुकताका साथ सम्पन्न गरियो । २००७ सालको यो परिवर्तनले जागृत

*मिडिया अध्ययन* ३: ८३-९८ २०६५

चेतनाबाट २०१५ सालमा भएको संसदीय आम निर्वाचनमा परिवर्तनको संवाहक शक्ति नेपाली काङ्ग्रेस दुई तिहाई जनमत हासिल गरी शासनारुढ भयो । यही प्रगतिलाई दृष्टिगत गरी स्थानीय आवश्यकता र जनभावनालाई वाणी दिएर जनता र सरकारबीच सेतु बन्ने अभिप्रायलाई उद्देश्य (मिसन) बनाएर *हिमदूत* साप्ताहिक प्रकाशनको भावना एकादुई अगुवामा अङ्कुराएको हो ।

*हिमदूत* साप्ताहिक प्रकाशनको पछाडि राजनीतिक उद्देश्य थियो । त्यो उद्देश्यको प्रकट कारक त भर्खरै संस्थागत गरिएको प्रजातन्त्रलाई दीगो र दरो बनाउन नेपाली काङ्ग्रेसको प्रगतिशील माध्यमबाट जनजीवनमा त्यसका जरा फिँजाउने थियो, त्यसको प्रच्छन्न (लुकेको) आशय आफू र आफ्नो पक्षलाई यस इलाकामा प्रतिष्ठापित गर्ने थियो । सम्पादक/प्रकाशक जगन्नाथ सिग्देलका मामा श्रीकान्त अधिकारी लमजुङ दुराडाँडाका हुने खाने परिवारका शिक्षित व्यक्ति थिए । अधिकारी पोखराको आधार स्कूलमा शिक्षक थिए । भारतीय स्वतन्त्रता आन्दोलनको सफलता र भारतमा नै सङ्गठित भएको नेपालको शासकीय परिवर्तनका निम्ति राजनीतिक सङ्गठनको हावाले प्रभावित थिए उनी । किशोर विद्यार्थी जीवनमै मामासँगै हिँडडुल गर्दा सिग्देलले नेपाली काङ्ग्रेसका शीर्षस्थ नेताहरूसँग चिनापर्ची मात्र होइन बसउठको सङ्गत गर्ने मौका पाएका थिए । उनी तर्कशील, चतुर, ढीँट एवं सबैका प्रियपात्र पनि थिए । मामा श्रीकान्त अधिकारी प्रतिनिधि सभाका निर्वाचित सदस्य थिए र नेपाली काङ्ग्रेस पश्चिम ३ नं. इलाका समितिका सभापति पनि थिए । तत्कालीन नेपाली काङ्ग्रेसको नेतृत्व वृत्तमा शीर्षस्थ चार नेतामा सूर्यप्रसाद उपाध्याय एक मानिन्थे । उनलाई २०१५ सालको निर्वाचनमा दुई क्षेत्रबाट उम्मेदवारी दिएर पराजित भए पनि प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो मन्त्रीमण्डलमा गृहमन्त्री बनाएका थिए । सङ्गठनमा उनको व्यक्तित्वको प्रभाव र क्षमतालाई दृष्टिगत गरी उनले त्यो हैसियत पाएका थिए । तथापि उनलाई सन्तोष थिएन । उनी आफ्नो पकड भएको राजनीतिक क्षेत्र बनाउन चाहन्थे । त्यसका निम्ति पश्चिम ३ नं. कास्की जिल्लामा उनको आँखा परेको र त्यसका लागि माध्यम श्रीकान्त अधिकारीमार्फत केही प्रभावशाली कार्यकर्ता बनेका पनि थिए । तिनमा *हिमदूत* सम्पादक सिग्देल र त्यतिखेरका नगरपालिकाका अध्यक्ष शिवबहादुर थापा उल्लेख्य थिए ।

२०१७ साल मङ्सिरको पहिलो साता गृहमन्त्री सूर्यप्रसाद उपाध्यायको पोखरा भ्रमणको आयोजना गरियो, भव्य स्वागत गराइयो । उनले विभिन्न समारोहहरूमा काङ्ग्रेस कार्यकर्ताहरूमा बढेको अस्वाभाविक महत्त्वाकाङ्क्षा र सत्तामातको तीखो आलोचना गर्दै संयमित र अनुशासित हुन निर्देशित गरेका

थिए । त्यति नै खेर पोखराको एउटा मात्र छापाखाना गङ्गा प्रेसका मालिक चीनबहादुर र रामबहादुर बडगामी दाजुभाइलाई *हिमदूत* मुद्रण निम्ति निर्देशन पनि दिएका थिए । उपाध्यायको आदेशबाट *हिमदूत* मुद्रणको चिन्ताबाट मुक्त थियो । रामबहादुर २००५ सालमा पोखरामा काङ्ग्रेसको सङ्गठन निर्माणताका सदस्य बनेपछि जिल्ला र केन्द्रको सम्पर्क सेतुका रूपमा थिए । उनको केन्द्रमा बरोबर आइजाइ चल्थ्यो र काङ्ग्रेस नेताहरू गणेशमान सिंह, सुवर्ण समशेर औ सूर्यप्रसाद उपाध्यायका पनि उनी स्नेहपात्र थिए । २००७ सालको परिवर्तनपछि त्यही स्नेहका कारण उनले दाजु चीनबहादुरलाई प्रहरीको इन्स्पेक्टर बनाएका थिए । यही हो *हिमदूत* साप्ताहिकको प्रकाशनको पूर्वपीठिका ।

*हिमदूत* प्रकाशनको सुरुको मुहूर्तको ग्रहस्थिति अनुकूलको रहेनछ क्यारे ! प्रजातन्त्रलाई दीगो र दरो बनाउने उद्देश्य राखेर प्रकाशन आरम्भ भएको *हिमदूत* पाँचौं अङ्कमा प्रवेश गर्दा नगर्दै त्यही प्रजातन्त्रमाथि २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रबाट साङ्घातिक प्रहार भयो । निर्वाचित जनप्रतिनिधिको सरकार बर्खास्त मात्र गरिएन, संसदसमेत विघटन गरियो र केही दिनपछि दलीय पद्धतिमा नै प्रतिबन्ध लाग्यो । सम्पादक प्रकाशकका तमाम आकाङ्क्षामाथि तुषारापात भयो । एकातिर आफ्ना नेता गृहमन्त्री सूर्यप्रसाद उपाध्यायलाई बन्दी बनाइयो, अर्कातिर आफ्ना अभिभावक भएका मामालाई राजाबाट आफ्नो कदमको औचित्य स्थापित गर्न दौडाहा दलको अध्यक्ष बनाई सुदूरपश्चिममा पठाइयो । प्रजातन्त्रको हत्या भएको छ समर्थन कसरी गर्ने ? आफ्ना अभिभावकलाई राजाद्वारा आफ्नो कारवाहीको औचित्य पुष्टि गर्न जनतामाझ पठाइयो, मामाले स्वीकार गरे, विरोध कसरी गर्ने ? सम्पादक नपर्नु अप्ठ्यारोमा परे । प्रशासनद्वारा प्रक्षेपित सूचनालाई यथावत पत्रिकामा प्रकाशित गर्ने, समर्थन वा विरोधमा टीकाटिप्पणी नगर्ने र 'पर्ख र हेर' को नीति तत्काललाई अवलम्बन गर्ने सम्पादकले विचार बनाए । त्यतिखेर प्रशासनिक संयन्त्र राजाको कदमलाई पुष्टि गर्न सत्ताच्यूतहरूको चरित्रमा दाग देखाउने र त्यसका आधारमा विघटित व्यवस्था बेठीक थियो भन्ने देखाउन काल्पनिक सूचना प्रक्षेपित गर्दथ्यो । त्यस क्रममा भुइँ तहका कार्यकर्ता उपर जब प्रशासनको बक्र दृष्टि पर्दथ्यो र उनीहरूमाथि शारीरिक यातना र मानसिक ताडना दिने प्रपञ्च रचिन्थे, त्यतिखेर सम्पादकको कलम उनीहरूको बचाउमा उठ्थ्यो । सम्पादक र पत्रिका उपर प्रशासनको कर्के नजर पर्दथ्यो, सावधान हुनुपर्दथ्यो ।

उप-प्रधानमन्त्री सुवर्णशमशेर जबरा घटनाको दुई दिनअघि नै कलकत्ता गएका थिए । उनले राजाको कदमको विरोध गर्दै प्रतिरोध गर्ने वक्तव्य भारतबाट

प्रसारित गरे । सम्पादकको मन तुलबुल भयो । स्थानीय केही कार्यकर्ता प्रशासनिक छेकथुनबाट बच्न र सुवर्ण शमशेरलाई समर्थन गर्न सुटुक्क भारत प्रवासतिर लागेका सूचनाहरू कर्ण परम्पराबाट थाहा पाएपछि सम्पादकको मन पनि कलकत्ता पुग्न सलबलायो । आफ्नो पक्षको प्रयत्नले पोखरा नगरपालिकाका अध्यक्ष बनेका शिवबहादुर थापालाई समेत साथमा लिई सम्पादक सिग्देल पनि कलकत्ता पुगे । सुवर्ण शमशेरसँग भेटघाट गरी राजाको कदमको विरोधमा निकालिएको वक्तव्यका प्रति लिएर पोखरा फर्कंदा शिवबहादुर थापा भैरहवाबाट काठमाडौँ प्लेनमा गए, सम्पादक पोखरा आए । त्यसको दुई दिनपछि जिल्ला प्रशासक (बडाहाकिम) हरूको पजनी भयो । पोखरा नगरपालिकाका अध्यक्ष शिवबहादुर थापा बाग्लुङ गौँडाको बडाहाकिममा नियुक्ति भएको समाचार रेडियोबाट प्रसारित भयो। कलकत्ता यात्राको 'प्रसाद' गृहमन्त्री विश्वबन्धु थापालाई चढाइयो र पुरस्कार स्वरूप शिवबहादुर थापालाई बडाहाकिम पद प्राप्त भएको अनुमान सम्बद्ध मानिसहरूले सहजै लगाउने नै भए। स्मरणीय के पनि छ भने दुवै थापाहरू सम्बन्धी पनि थिए। यसले सम्पादकको मनमा अनिष्टको चिसोले छोयो । सम्पादकलाई सुवर्ण शमशेरले बचेर काम गर्ने सल्लाह दिएको उनले आफ्ना साथीहरूलाई बताएका थिए । राजनीतिक कार्यकर्ताको रूपमा उनले अरू कार्यकर्ताले पाए जस्तो छेकथुन, धरपकड र यातना नपाए पनि पत्रिकाका प्रकाशनमा प्रशासनिक झमेला बेलाबेलामा खेप्नुपरेको थियो । पत्रिकामा प्रकाशित सामग्रीप्रति सम्पादक प्रकाशक जवाफदेही भए पनि प्रशासनले छापाखानालाई कारवाही गर्दथ्यो सकेसम्म प्रकाशन नचलोस् भन्ने उद्देश्यले पोखरामा एउटा मात्र छापाखाना भएको, पत्रिकामाथि कारवाही गर्दा बढी हल्ला हुने, अदालतबाट प्रशासनिक निर्णय बदर पनि हुन सक्ने भएकाले घुमाउरो तरिकाले छापाखानाका मालिकमाथि कारबाही गरेर त्यसको असर पत्रिका माथि पार्ने प्रयत्न पटकपटक भए । दुईपटक प्रेसको अनुमति पत्र नै रद्द गरिएको थियो । पत्रिका छाप्दा प्रशासनले त्यसरी दुःख मात्रै दिने हुँदा छापाखाना मालिकले गुनासो गरे पनि मालिक र छापाखानाको नाम बदलेर अनुमति पत्र लिई छापाखाना चलाउने  र पत्रिका पनि चलाउने गरिएको थियो ।[१]

आफ्नो पक्षमा नलाग्ने र आफूले गरेका कर्तुतलाई उजागर गर्न खोज्ने पत्रिकालाई तर्साउन र हतोत्साही बनाउन प्रशासकहरू अनेक विधिहरू अपनाउँथे । २०१९ सालमा पोखराको सेती नदीको जीर्ण काठको पुल (कोठे साँगु) पुनर्निर्माणको क्रममा जग बनाउँदा तत्कालीन बडाहाकिम लिलाराज विष्टबाट सात फिट तल

---

[१] पोखरामा छापाखाना सञ्चालनको इतिहासबारे मैले अन्यत्र पनि चर्चा गरेको छु (पराजुली २०६३) ।

झार्ने काम भएको थियो । त्यसो गर्नुको पछाडि स्थानीय व्यापारीको स्वार्थले काम गरेको थियो । पुल पुनर्निर्माण समितिका इन्जिनियरबाट सो कुरा थाहा पाएपछि 'पुल सातफिट तल' शीर्षकमा *हिमदूत*ले समाचार छाप्यो । समाचारबाट व्यापारीसँग रकम लिई बडाहाकिमले सो काम गरेको आशय प्रस्ट देखिएको थियो । समाचार पढेर आगो भएका बडाहाकिम विष्ट पत्रिका छाप्ने छापाखानामा गएर बेसरी बम्केछन् । छापाखानाका मालिककी आमाले सम्पादक ऋषि कोइरालासँग सो कुराको गुनासो गरिन् । बडाहाकिम र सम्पादकबीच संवाद भयो । र, बडाहाकिमले व्यापारीसँग लिएको केही रकम फिर्ता गरेपछि विवाद साम्य भयो । बडाहाकिम नयाँ नियुक्त भएका थिए । त्यसैले त्यतिखेर उनी पत्रिकासँग सुलह गर्न तयार भएका हुन् ।

यस्तै, सो घटनाको एकवर्ष पहिले अर्थात् २०१८ सालमा 'घुस कि के ?' शीर्षक समाचार छापेकोमा कास्की मालपोत कार्यालयका तहरिर डिट्टा केदार शर्माले *हिमदूत*का सम्पादक जगन्नाथ सिग्देल विरुद्ध अदालतमा नालिस दिएका थिए । अदालतले सम्पादकका नाममा म्याद काट्यो । सम्पादकले आफ्ना सहयोगीसँग सल्लाह गरी अदालतमा गई न्यायाधीशसँग मौखिक भने, "शीर्षकमा प्रश्न चिह्न भएकोले आरोप वा आक्षेप गरेको सिद्ध हुँदैन, परिस्थितिलाई दृष्टिगत गरी आशङ्का मात्र व्यक्त गरिएको हो । यस्तोमा सम्बन्धित व्यक्तिले लिखित खण्डन पत्रिकालाई पठाउनु पर्दछ पत्रिकाले पनि छापिदिनु पर्दछ । यो लाग्दै नलाग्ने मुद्दा खारेज हुनु पर्दछ ।"

सो घटनाको पृष्ठभूमि यस्तो थियो । लेनदेनको लिखत रजिष्ट्रेसनको काममा मालपोत कार्यालयका कर्मचारीले रकम माग्ने, नदिए झुलाउने काम गर्छन् भन्ने गुनासो सुनिएको मात्र होइन मर्का परेका मानिस समाचार छापिदिने अनुरोधसहित पत्रिकाको कार्यालयमा दिनदिनै जसो आउन थाले । सम्पादकले आफ्नो विश्वासको सहयोगी पठाएर राम्ररी कुरा बुझेर त्यसबारेमा समाचार लेखेका थिए । समाचारको स्रोत पत्रिकाले खोल्न नमिल्ने बताएपछि मुद्दा खारेज भएको थियो । यी त प्रतिनिधि उदाहरण मात्र भए, प्रशासन वा प्रशासकका तर्फबाट पत्रपत्रिकालाई हतोत्साही गराउने क्रियाकलापहरू तत्कालीन अवस्थामा बरोबर हुन्थे ।

## प्रकाशन उद्यमको सम्भाव्यता नभएको अवस्था

*हिमदूत* साप्ताहिकको प्रकाशन सुरु हुँदा पोखरा आजको जस्तो थिएन । पत्रिका चल्ने भनेको त्यसका पाठक हुनु हो । पत्रिकाको पाठक हुन साक्षर हुनु मात्र पर्याप्त

हुँदैन, बढी शैक्षिक ज्ञानको आवश्यकता हुन्छ, जसले व्यक्तिमा बढी सूचना विशेषतः समसामयिक गतिविधि र तिनका सम्बन्धमा टीकाटिप्पणी प्रति जिज्ञासा (भोक) जगाएको होस्, र परिवेश पनि तदअनुकूलको होस, त्यस्तो स्थिति थिएन । त्यतिखेर पोखरा क्षेत्रभरिमा आधुनिक शिक्षाका विश्वविद्यालय स्नातक एक हातका औंला जति पनि थिएनन् । आधुनिक शिक्षा प्रणाली अङ्गाल्दै २००६ सालमा पश्चिम ३ नं भरिमा पहिलो विद्यालय खुलेको थियो । २०११ सालमा प्रवेशिका परीक्षा दिने यस विद्यालयका विद्यार्थी जम्मा पाँच जना थिए । तिनलाई परीक्षा दिन राजधानीमा जानुपरेको थियो । २०१५ सालमा पोखरामा प्रवेशिका परीक्षाको केन्द्र खुलेको थियो । त्यो बेला बल्ल पोखरामा तीन ओटा हाइस्कूल खोलिएका थिए । २०१५ सालको प्रवेशिका परीक्षामा पोखरा केन्द्रमा परीक्षा दिने विद्यार्थी विद्यालयको एक कोठामा अटाएका थिए । यी विद्यार्थी बाहिर गएर अगाडिको शिक्षा पढ्न सक्तैनन्, यिनका निमित्त यहाँ कलेजको पनि स्थापना गर्नुपर्‍यो भन्ने सामाजिक चेतना भएका केही मानिसको प्रयत्नले २०१७ साल भदौमा पृथ्वीनारायण कलेजको स्थापना भएको थियो । यो हालतको पोखरामा पत्रपत्रिकाका पाठक छन्, पत्रिकाको बजार छ भनेर पत्रिका प्रकाशन गर्नु त्यति व्यवहारिक थिएन । तैपनि *हिमदूत*को प्रकाशन सुरु गरिएको थियो । प्रकाशन व्यावसायिक दृष्टिले नभएर पत्रिका भन्ने केही चीज हुन्छ, त्यसले जान्नुपर्ने समसामयिक केही कुरा लिएर आउँछ, त्यो पढ्नुपर्छ, त्यसमा कुरा पनि छपाउन सकिन्छ, कामलाग्दो कुरो हो, यो चाहिन्छ भन्ने सिकाउन पाठक बनाउन सुरु गरिएको थियो । आ-आफ्ना ठाउँको विकास गरौं भन्ने हुट्हुटी छातिमा भरिएका तथा दलीय राजनीतिक पृष्ठभूमि र उद्देश्य मन मस्तिष्कमा भरेर हिँडेको युवकको उत्साहको परिणाम थियो यो पत्रिका ।

*हिमदूत* आवश्यक आधारभूत ज्ञान, जनशक्ति, पूर्वाधार एवं चलाउँदा आइपर्ने समस्या र तिनको निराकरणको निम्ति सोच विचार आदि दीर्घकालीन योजनाविना थालिएको देखिन्छ । अहिले विचार गर्दा सम्पादक सिग्देलले विशुद्ध भावनाको प्रवाहमा बगेर *हिमदूत* प्रकाशनको प्रयास गरेका हुन् भन्ने देखिन्छ । प्रतिष्ठित समाजमा उठबस गर्दा देखेको पत्रकारको पहुँच र उसलाई प्राप्त भएको सम्मान-प्रतिष्ठा देखेर उनलाई पत्रकारिताले आकर्षण गरे जस्तो लाग्छ । तैपनि उनले आफूले ग्रहण गरेको राजनीतिक विचारधारा र त्यसको क्रियान्वयन गर्ने सङ्गठन नेपाली काङ्ग्रेसको शीर्षस्थ तहसम्ममा पुगेर उनीहरूको अनुमति लिएर त्यस विचारधाराको पक्षपोषण गर्ने उद्देश्यले उनले जे गरे, त्यो उनको अत्यन्त साहसिक र पुनीत भावनाले गरेको मान्नुपर्छ । उनी मिलनसार, निश्छल, हक्की र निर्भीक स्वभावका कारण लोकप्रिय थिए । यद्यपि साता दस दिनको विषमज्वरको

व्यथाले उनको प्राणान्त भयो। पोखरेली साराले शोक मनाए। *हिमदूत* अनाथ बन्यो। दिवङ्गत सम्पादक सिग्देलका मामा श्रीकान्त अधिकारी, सहयोगी र हितैषिहरूले जगन्नाथ सिग्देलको पार्थिव अवसान भए पनि उनको सिर्जना *हिमदूत*को प्रकाशनलाई निरन्तरता दिएर उनको कीर्तिपताकालाई जीवन्त राख्नुपर्ने विचार गरे। त्यसपछि चित्राङ्गद सिग्देल प्रकाशक बने, ऋषि कोइराला सम्पादक भए र पत्रिकाको प्रकाशनलाई निरन्तरता दिइयो।

## पञ्च पत्रिकाको जन्म

दलीय पद्धतिको सट्टामा राजा महेन्द्रले आफ्नै सक्रिय नेतृत्वमा निर्दलीय पञ्चायती प्रजातन्त्र, आफ्नै किसिमको नयाँ शासन पद्धति सुरु गरे। राष्ट्रिय निर्देशन मन्त्रालय स्थापना गरियो र त्यसको मातहतमा युवक, महिला, किसान, प्रौढ सङ्गठन नामका वर्गीय सङ्गठनको व्यवस्था गरियो। जिल्ला र अञ्चलस्तरमा पनि राष्ट्रिय निर्देशन अधिकारी नियुक्ति गरिए। *हिमदूत* काङ्ग्रेसको पत्रिका हो, त्यसले पञ्चायतको भलोको कुरा गर्दैन भनेर जिल्ला निर्देशन अधिकारीले *हिमदूत*को विपक्षमा *पञ्च समाज* (२०२०) निकाल्न सुरु गरे। यसका सम्पादक विमलबहादुर दीन (थापा) थिए।

त्यसले *हिमदूत*लाई पञ्चायत विरोधी काङ्ग्रेसको पत्रिका सिद्ध गर्ने र त्यसप्रति सरकारी अनुदार धारणालाई बल दिने कोशिश गर्दथ्यो। तर *हिमदूत* भने राजाका भावना र अभिव्यक्ति लोकहितार्थ हुन्, किन्तु तिनको प्रयोग पञ्च र भृत्यतन्त्रले आफ्नो अनुकूल प्रयोग गर्ने गरेको देखाउने प्रपञ्च गर्दथ्यो। *पञ्च समाज*को आर्थिक दायित्व सरकारको भएकोले पत्रिका सम्पादकलाई चिन्ता थिएन। सामग्री सङ्कलित भए मात्र निकाल्ने भएकोले *पञ्च समाज*को प्रकाशन नियमित थिएन।

यस्तैमा पोखरामा २०२२ सालतिर एउटा *दैनिक निर्णय* नामको दैनिक पत्रिकाले जन्म लियो। पोखराका प्रतापकुमार भट्टचन र लमजुङका वेदराज पन्तले सो पत्रिका जन्माएका हुन्। त्यो २०x३०/४ आकारको दुई पृष्ठ (एक पाना) को थियो। त्यतिखेर पोखरामा तुलाचन प्रेस नामको अर्को १३x१९ साइजको नयाँ छापाखाना मुस्ताङका नरसिंहभक्त तुलाचनले खोलेका थिए। *दैनिक निर्णय* त्यहीँ छापिन्थ्यो। केही समय पोखरामा चलाउँदा लागत ज्यादा, बजार साँघुरो, विज्ञापनको अभाव अनुभव गरेपछि उनीहरूले पत्रिका भैरहवामा आफ्नै छापाखाना राखेर चलाए। सीमावर्ती क्षेत्र भएकोले त्यहाँ छापाखानाका कामदार सुलभ, बजार विस्तृत र विज्ञापन पनि प्राप्त हुन्थ्यो र उनीहरूले नियमित चलाएका थिए।

*दैनिक निर्णय*का सम्पादक वेदराज पन्तले सो पत्रिका प्रकाशन सुरु गर्नुभन्दा पहिले *राजा* नामको मासिक पत्रिका निकाल्न सुरु गरेका थिए। तर उनले त्यसलाई निरन्तरता र नियमितता दिन सकेनन्।

## प्रचार साधनको खाँचोको अनुभव

२०१६ सालमा तत्कालीन स्कूल इन्स्पेक्टरको क्षेत्र अनुसार शिक्षकहरूले पोखरामा शिक्षक सङ्घ स्थापना गरेका थिए। त्यो सङ्घले *शिक्षा ज्योति* पत्रिका प्रकाशन गरेको थियो। शिक्षा विकासमा योगदान गर्ने, बालमनोविज्ञान अनुसारको शिक्षण पद्धति अपनाउन शिक्षकलाई प्रेरित गर्ने, शिक्षण पेसालाई मर्यादित र आकर्षक बनाउने जस्ता उद्देश्य सो पत्रिकाले राखेको थियो। त्यसको सम्पादन मण्डलमा भोलानाथ पराजुली, खगेन्द्रराज रेग्मी र केशवराज पराजुली थिए। पञ्चायती व्यवस्था लागू भएपछि त्यो प्रयत्नलाई छिन्न भिन्न पारियो।

२००७ सालको परिवर्तन सँगसँगै सुरु भएको जनस्तरको शिक्षा प्रसारको अभियान र सरकारको शिक्षा क्षेत्रको विकासमा थालेको प्रयासले जिल्ला जिल्लामा स्थापित माध्यमिक विद्यालयबाट उत्पादित विद्यार्थी सङ्ख्यालाई २०१७ साल भदौमा खुलेको पृथ्वीनारायण कलेजले उच्चशिक्षा अध्ययनको अवसर प्रदान गर्‍यो। साथसाथै सरकारले शिक्षा प्रसारमा तालिम प्राप्त शिक्षक उत्पादन गर्ने 'नर्मल स्कूल' पश्चिमाञ्चल क्षेत्रमा खोलिदिँदा शिक्षक विद्यार्थीको सङ्ख्या ठूलो भयो। राजनीतिक दलहरू प्रतिबन्धित भएको त्यो अवस्थामा शिक्षक विद्यार्थीका गतिविधिमा भूमिगत राजनीति प्रतिविम्बित गर्ने गराउने प्रयत्नहरू हुन्थे। विद्यार्थी प्रजातन्त्रवादी, प्रगतिशील र राष्ट्रवादी गरी तीन समूहमा विभाजित थिए। प्रगतिशील समूह वामपन्थी विचारधाराको प्रतिनिधित्व गर्दथ्यो। वाम विचारधाराका अनेक धारा भए पनि विद्यार्थी रुस समर्थक, चीन समर्थक र मार्क्सवादी भन्ने प्रमुख थिए। यिनमा बाहुल्य र बर्चस्व (माले) माओवादीको थियो। तिनीहरू आजभोलिका माओवादी होइनन्, झापाली थिए। सबै प्रचार आ-आफ्नै किसिमको होस् भन्ने चाहन्थे। तर प्रचारको साधन छापा प्रकाशित गर्न त्यति सहज थिएन। चल्ने-नचल्ने कुरा पर जाओस्, प्रशासनबाट प्रकाशन अनुमति पाउनै कठिन थियो, इतर विचारधाराका मानिसहरूलाई। प्रशासनले पत्रिका प्रकाशन गर्न चाहनेको चरित्रसम्बन्धी प्रहरी प्रतिवेदन माग्थ्यो। उपल्ला तहका पञ्चसँग सम्पर्क साँठगाँठ भएको मानिसले उनीहरूको सिफारिसको आधारमा एकादुईले पाउँथे। त्यसैले तिनताक यस्ता विद्यार्थी सङ्गठनहरूले सामयिक सङ्कलन भनेर वार्षिक रूपमा निकाल्थे। ती समाचार पत्र होइनन्, लेख रचना, कथा, कविता

आदि लेख्ने छपाउने रहर हुनेहरूलाई सङ्गठनमा आबद्ध गर्न, प्रोत्साहित र क्रियाशील बनाउन त्यस्ता सामयिक सङ्कलन निकालिन्थे ।

*हिमदूत* साप्ताहिकलाई पञ्च र कम्युनिष्टले काङ्ग्रेसी पत्रिका भन्थे, किन्तु काङ्ग्रेसहरूले आफ्नो ठान्दैनथे । पहिले दौडाहा दलको अध्यक्ष र पछि पञ्च बनेका र सूर्यप्रसाद उपाध्यायसँग घनिष्ट सम्बन्ध भएका श्रीकान्तसँग *हिमदूत* सम्बद्ध रहेको भन्ने कुराले काङ्ग्रेसहरूको *हिमदूत*प्रति राम्रो धारणा थिएन । त्यसैले वीपी कोइराला निर्वासनमा गएर सशस्त्र विद्रोहको उद्घोष गरेपछि प्रजातन्त्रवादी विद्यार्थीले स्थानीय काङ्ग्रेसका कार्यकर्ता गुहारे । काङ्ग्रेसहरूले आफ्नो पक्षको प्रतिरक्षा गर्ने र प्रजातान्त्रिक मूल्य मान्यताको वकालत गर्ने आन्तरिक उद्देश्य राखेर विद्यार्थीलाई पत्रिका प्रकाशन चलाउन १५ सय रुपियाँको कोष जम्मा गरे । *नेपाल पर्यवेक्षक* नाम राखेर एउटा साप्ताहिक पत्रिकालाई प्रजातन्त्रवादी विद्यार्थीले जन्म दिए २०२६ सालमा । त्यसका सम्पादक प्रकाशक तनहुँका नीलकण्ठ शर्मा र स्याङजाका त्रिभुवन शर्मा थिए । दुवैजना पृथ्वीनारायण कलेजका विद्यार्थी थिए । नाम उनीहरूको भए पनि प्रकाशनको काम पोखराका तिलकमान गुभाजू र नन्दराज श्रेष्ठले गर्दथे । पछि श्रेष्ठ अमेरिका अध्ययनका लागि गए भने गुभाजू व्यवसायतिर लागे यसले गर्दा पत्रिकामा काम गर्ने कोही भएन र बन्द भयो ।

२०२० को दशकमा पोखरामा *धरा* नामको साहित्यिक पत्रिका प्रकाशनमा आएको थियो । पोखरा-२ भीमसेन टोल निवासी मथुराप्रसाद श्रेष्ठ र उनका साथीहरू त्यसको प्रकाशनमा सक्रिय थिए । मथुरा कविता लेख्ने अभ्यास गर्ने हुनाले आफ्ना रचना पाठकसामु पुऱ्याउने रहरले *धरा* प्रकाशनको उद्योग गरेका हुन् । तर उनले आफ्नो प्रयत्नलाई स्थायित्व दिन सकेनन् ।

गण्डकी साहित्य संस्थान[२] नामको स्थानीय एक संस्थाले २०२२ सालमा *वेणी* नामको अर्धवार्षिक साहित्यिक पत्रिकाको जन्म दिएको थियो । पहिलो अङ्कपछि छ महिनामा अर्को अङ्क निस्केन । चार या पाँच वर्षपछि त्यसलाई ब्यूँताएर निरन्तरता दिने प्रयत्न भयो र दोस्रो अङ्क निस्क्यो । त्यसको सम्पादक मण्डलमा भोलानाथ पराजुली, तेजनाथ घिमिरे र केशवराज पराजुली थिए ।

२०२६ सालतिर गणेश शेरचनले आफू सम्पादक भई राजेन्द्र भट्टचनलाई प्रकाशक राखेर *आह्वान* साप्ताहिक पत्रिका प्रकाशनमा ल्याए । गणेश शेरचन पञ्च थिए । राष्ट्रवादी विद्यार्थी पञ्च पत्रकारको साथ हुने नै भए । पत्रिका

---

[२] *हिमदूत*का त्यति बेलाका सहयोगीहरू मिलेर यो संस्था बनाइएको थियो । भोलानाथ पराजुलीको अध्यक्षतामा गण्डकी अञ्चलका कवि लेखकलाई समेटेर संस्था सङ्गठित गरिएको थियो ।

साप्ताहिक भने पनि नियमित थिएन । कहिले निस्कने भन्ने ठेगान हुँदैनथ्यो । त्यसले राष्ट्रवादी विद्यार्थीको पक्षको वकालत गर्दथ्यो । *आह्वान*बाहेक राष्ट्रवादी समूहलाई पृष्ठभूमिमा राखेर २०२६/२७ सालतिर अर्को पत्रिका जन्म्यो *नौलो डाँको* । भीमनारायण र उमाकान्त शर्मा त्यसका प्रकाशक तथा सम्पादक थिए । उमाकान्त कलेज अध्यापक पनि थिए । उनको पत्रिकाले राष्ट्रवादी र प्रगतिशीलहरूलाई सन्तुलनमा राखेर काम गर्थ्यो । प्रगतिशील पक्षलाई त्यसले मात्रै पुगेन, आफ्नै पक्षको पत्रिका चाहियो । उनीहरूले *नौलो हाँक* निकाले । यिनीहरूको पनि व्यावसायिक उद्देश्य थिएन, प्रचार मोह मात्र थियो । राष्ट्रवादी र पञ्चले त प्रकाशनको अनुमति पाउने भए, इतरका *पर्यवेक्षक* र *नौलो हाँक*ले कुनै महापञ्चको सिफारिसमा प्रकाशनको अनुमति पाएको हुनुपर्छ । यी पत्रिकाबाहेक २०२९ सालमा पञ्चायतको वकालत गर्न गण्डकी अञ्चल पञ्चायतले *गण्डकी* साप्ताहिक पत्रिकासँगै साहित्यिक पत्रिका *साहित्यधारा*लाई जन्म दियो । सुरुमा ती पत्रिकाका सम्पादक मुकुन्दशरण उपाध्याय रहेका थिए । पछि केदार ढकाल नियुक्त भए । पत्रिकामा सम्पादकको नाम जे उल्लेख भए पनि अञ्चल पञ्चायतले निकाल्ने भएकाले पत्रिकामाथिको सम्पादकीय नियन्त्रण सम्पूर्ण रूपले अञ्चल निर्देशन अधिकारीको हुन्थ्यो । तसर्थ तत्कालीन अञ्चल निर्देशन अधिकारी डा. महेश्वर शर्मा नै *साहित्यधारा*का सर्वेसर्वा थिए । यो पत्रिकाको प्रकाशन अञ्चल पञ्चायतको खारेजीसँगै बन्द भयो ।

२०३० को दशकमा विश्व शाक्य र नारायण कार्कीको सम्पादनमा *प्राङ्गण* साहित्यिक पत्रिका प्रकाशनमा आएको थियो । मोफसलमा निस्कने साहित्यिक पत्रकारितामा यो पत्रिका राष्ट्रिय स्तरको मानिन्थ्यो । यसले पनि विविध कारण (आन्तरिक) ले प्रकाशनलाई निरन्तरता दिन सकेन ।

२०३६ सालको जनमत सङ्ग्रहमा बहुदल पक्षको प्रचार प्रसारको उद्देश्यले केशवराज रेग्मीले *सम्मति* नामको मासिक बुलेटिन प्रकाशन गरेका थिए । जनमत सङ्ग्रहपछि बन्द भएको सो बुलेटिनलाई २०४६ को परिवर्तनपछि उनले दुई महिने विचारप्रधान पत्रिका बनाएर राजधानीबाट प्रकाशन गरेका थिए । उनको शारीरिक रुग्णता र मानसिक अवसाद (डिप्रेसन) का कारण त्यसको प्रकाशन अहिले अवरुद्ध छ ।[३]

[३] वसन्तकेशव पराजुलीको पत्रपत्रिकाको सङ्ग्रहमा *जयन्ती* नामको पत्रिका २०३६ सालमा प्रकाशनमा आएको देखिन्छ । त्यो कस्तो पत्रिका हो, कहिलेसम्म चल्यो वा चल्दै छ जानकारीमा छैन । मोहनशमशेर थापा त्यसका सम्पादक/प्रकाशक रहेको सो अभिलेखमा देखिन्छ ।

२०३८ सालतिर माधव शर्मा काठमाडौंबाट प्रेस लिएर पोखरा आए । उनले त्यस छापाखानाबाट *छानबिन* साप्ताहिक निकाल्थे । सायद त्यो पत्रिका काठमाडौंमा दर्ता गरी चलाएर यहाँ ल्याएका हुन् । काठमाडौंमा माथिल्लो तहमा पहुँच हुनेले अनुमति पाउँथे । किन्तु मोफसलमा बस्ने र पहुँच नहुनेले अनुमति पनि पाउँदैनथे ।

## जनमत सङ्ग्रह र प्रेस

२०३५ को अन्त्य र २०३६ को सुरुमा काठमाडौंमा विद्यार्थी आन्दोलन चर्कियो । विद्यार्थीहरूले लामो सङ्घर्ष नै गरे । पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई निर्वाचनमा धाँधली गरेको आरोपमा मुद्दा चलाई फाँसीको सजाय दिइएको विरोधमा विद्यार्थीले जुलुस निकालेका हुन् । तर जुलुसमाथि दमन भएकोले आन्दोलनको रूप उग्र बन्यो । राजा वीरेन्द्रले त्यो आन्दोलनलाई साम्य पार्न जनमत सङ्ग्रहको घोषणा गरे । जनमत सङ्ग्रहको घोषणाले निर्विकल्प घोषित निर्दलीय पञ्चायत व्यवस्थामा प्रश्न चिह्न लाग्यो । जनमत सङ्ग्रह जनताको अभिमत प्रकट गर्ने अवसर भएकोले नेपाली काङ्ग्रेसका तत्कालीन सभापति वीपी कोइरालाले सो घोषणाको स्वागत गर्दै आफ्नो दलले भाग लिने घोषणा गरे । जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायत वा बहुदलीय व्यवस्थामा एउटा रोज्ने कुरा थियो । जनमत सङ्ग्रहमा बहुदल पक्षले आफ्नो जित हुने सोचेको थियो, तर परिणाम उल्टो आयो ।

त्यसलाई महत्त्व दिएर दैनिक *जनमत* नामको पत्रिका प्रकाशन अनुमतिका लागि यो लेखकले घोषणा भएको पर्सिपल्ट ऐन नियमअनुसार स्थानीय प्रशासनमा निवेदन दिएको थियो । तर त्यो निवेदन सञ्चार मन्त्रालयबाट 'दिनू' भन्ने आदेश प्राप्त नभएको भनी प्रशासनले मुल्तबीमा राख्यो । जनमत सङ्ग्रह भयो र सुधारिएको पञ्चायत विजयी भएकोले पञ्चायती संविधानमा अर्को संशोधन गरियो । संशोधित संविधानअनुसार राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन बालिग मताधिकारको आधारमा हुने, राष्ट्रिय पञ्चायतका कुल सदस्यको बहुमतको सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति हुने र सरकार राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुने जस्ता कुराको व्यवस्था भयो । त्यसरी बनेको सरकारले २०३९ सालमा नयाँ प्रेस तथा प्रकाशन ऐन र नियमावली बनायो । ऐन नियमको प्रक्रिया पूरा गरी अनुमतिका लागि आवेदन गरेका र गर्नेलाई अनुमति दिने सरकारी सञ्चार नीति आएपछि निवेदन दिएको झण्डै साढे तीन वर्षपछि दैनिक *जनमत*ले प्रकाशनको अनुमति पाएको हो । पञ्चायती शासनको बेला पत्रकारिताको व्यवसाय गर्छु भन्नेले व्यवसाय गर्न पाउँदैनथ्यो, नियन्त्रित थियो । नयाँ कानून आएर अनुमति

खुला गरे पनि पत्रकारितामाथि राजकाज अपराध ऐन, गाली बेइज्जती ऐन, मानहानि, साम्प्रदायिकता, जातीय विद्वेष भड्काई शान्ति व्यवस्था भङ्ग गरेको जस्ता आरोप लगाएर पत्रकार, पत्रिका र प्रेस (छापाखाना) माथि कारवाही गर्ने, अर्थात् प्रेसको स्वतन्त्रता नियन्त्रित गर्ने अनेक उपायहरू प्रशासकको तजबीजमा राखेको थियो । तैपनि अनुमति खुला भएपछि मुलुकभरि नै पत्रिका प्रकाशनको लहर चल्यो । २०३६ जेठको निवेदनको आधारमा दैनिक *जनमत*ले २०३९ कात्तिक १९ मा अनुमति पायो र २०३९ मङ्सिर १ देखि प्रकाशन सुरु भयो । यसपछि अन्य केही साप्ताहिक पत्रिकाहरूले प्रकाशनको अनुमति प्राप्त गरे ।

**तालिका १: २०३६ सालको जनमत सङ्ग्रहपछि पोखराबाट प्रकाशित केही साप्ताहिक पत्रिकाहरू**

| क्र.सं. | पत्रिकाको नाम | सम्पादक/प्रकाशकको नाम | दर्ता मिति |
|---|---|---|---|
| १. | राष्ट्र आवाज | केशव भण्डारी | २०३९ पुस |
| २. | भञ्ज्याङ | विश्वबन्धु भण्डारी/विष्णु भण्डारी | २०३९ पुस |
| ३. | वातावरण | विजय वजिमय | २०३९ पुस |
| ४. | हिमाली आवाज | माधव शर्मा | २०३९ माघ |
| ५. | सप्तगण्डकी | भूपनिधि पन्त | २०३९ माघ |
| ६. | पर्यवेक्षक | तिलकमान गुभाजू | २०४० माघ |
| ७. | अरूणोदय | बालकृष्ण सुवेदी | २०४० |
| ८. | साँचो कुरा | रामजी गौतम | २०४० |
| ९. | खोजखबर | माधव शर्मा | २०४४ |
| १०. | शिलापत्र | कृष्णबहादुर गुरुङ | २०४५ |

स्रोतः वसन्तकेशव पराजुलीको पत्रिका सङ्ग्रहबाट साभार ।

तालिका १ मा उल्लेख भएका पत्रिकामा *सप्तगण्डकी* स्थानीय तीन जना चर्चित वकिल राधेश्याम कमारो, राघवलाल वैद्य र भूपनिधि पन्तको साझेदारीमा सुरु भएको हो । तर छोटै समयमा साझेदारीमा मनमुटाव आएपछि पन्त एक्लैले चलाएका थिए । साझेदारी टुट्नुमा सम्पादकीय स्वाधीनतामा अनावश्यक हस्तक्षेप कारक हो भन्ने कुरा तत्काल सुन्नमा आएको थियो ।

त्यस बेलाका सबैजसो साप्ताहिक अहिले प्रकाशनमा छैनन् । विजय वजिमय र बालकृष्ण सुवेदीले आफ्ना पत्रिका प्रकाशन सुरु मात्र गरे, निरन्तरता दिन सकेनन् । केशव भण्डारीले *राष्ट्र आवाज* झण्डै दुई दशक जति चलाएर आफ्नै प्रेस पनि जोडेका थिए । उनको पत्रिका पञ्चायत समर्थक थियो । यो पत्रिका २०४६ को जनआन्दोलनपछि पनि राजा समर्थक पत्रिकाको रूपमा चिनिन्थ्यो । माओवादी विद्रोह उनको पत्रिकाको काल बन्यो । चार वर्षदेखि त्यो चलेको

छैन । माधव शर्माले चलाएको *छानबिन, हिमाली आवाज* र *खोजखबर* पनि धेरै भयो, देखिँदैनन् । उनले छापाखाना पनि अरूलाई नै हस्तान्तरण गरे भन्ने सुनिन्छ । उनी अहिले *पोखरा हटलाइन* दैनिक चलाउँछन् । *साँचो कुरा*का सम्पादक/प्रकाशक रामजी गौतम बसाइँ सरेर नवलपरासी पुगे र व्यवसाय पनि परिवर्तन गरी वकालत गर्दछन् भन्ने सुनिन्छ । तिलकमान गुभाजूले *पर्यवेक्षक* केही वर्ष चलाए, केही वर्ष बन्द भयो । फेरि सुरु गरे, अनि त्यसैलाई दैनिक बनाए, केही समयपछि त्यो पनि बन्द भयो ।

उमाकान्त शर्माले २०४० सालमा *दैनिक अवलोकन* प्रकाशनमा ल्याए । पोखराको पर्यटकीय सम्भावनालाई दृष्टिगत गरी दुई वर्षअघि शर्माले *द अब्जर्भर* नामको अङ्ग्रेजी द्वैमासिक दर्ता गराएका थिए । तर २०३९/४० मा पोखरामा धेरै पत्रिका प्रकाशन भएकोले आफ्नो उक्त पत्रिका ननिकाली बसे । पछि त्यसैलाई भाषान्तर गरी *दैनिक अवलोकन* निकालेको भनी यो लेखकलाई उनले बताएका थिए । सरकारी अभिलेखमा त्यो पत्रिका 'नियमित' मा पञ्जिकृत थियो, किन्तु बजारमा उपलब्ध थिएन । उनको आफ्नै छापाखाना थियो ।

यसै सिलसिलामा पर्वत जिल्ला निवासी नेत्रनारायण तिम्सिनाले २०४० सालकै आसपास *पोखरा रिभ्यू* नामको अङ्ग्रेजी मासिक पत्रिका प्रकाशित गरेका थिए । पर्यटकलाई दृष्टिगत गरी उनले यो प्रकाशन सुरु गरेका हुन् । उनी मेहनत गरी सूचना-सामग्री र विज्ञापन प्राप्त गर्न प्रयत्नशील रहन्थेँ । उनको पनि असमयमै निधन भयो र *पोखरा रिभ्यू* पनि उनीसँगै विलाएर गयो ।

२०४२ सालमा कृष्णप्रसाद बाँस्तोलाले *पार्वती* नामको मासिक साहित्यिक पत्रिकाको प्रकाशन आरम्भ गरे । उनले त्यसलाई २०४४ सालसम्म निरन्तरता दिएको बताउँछन् । उनैले *मुस्कान* नामको साहित्यिक प्रकाशन युवा साहित्य सदन संस्थाको मुखपत्रको रूपमा २०३७ सालदेखि निकाल्दथे । त्यसको प्रकाशन पनि २०४४ सालसम्म नै चलाएको उनी बताउँछन् ।

## पत्रकारिताको शिरमाथि प्रशासनको तरवार

माथिका पत्रिकाहरूमा *सप्तगण्डकी* साप्ताहिकका सम्पादक भूपनिधि पन्तले तत्कालीन अञ्चल प्रशासकको कोपभाजन भएर दुइटा मुद्दा पनि खेपे । एउटा मुद्दामा त उनलाई कारावास पनि भोग्नुपर्‍यो । दुई हजार जरिवाना पनि भयो । यही कारणले उनले पत्रिकाको प्रकाशन पनि बन्द गरे ।

आफ्नो पत्रिका *सप्तगण्डकी*मा सम्पादक भूपनिधि पन्तले तत्कालीन अञ्चलाधीश खड्गबहादुर जीसीमाथि भ्रष्टाचार गरेको आशङ्का प्रकट हुने समाचार सोदाहरण

छापे । त्यो बेलाको राष्ट्रिय खेलकुद परिषद अहिले पनि छ । तर त्यो व्यवस्थाको अञ्चल खेलकुद परिषद अहिले छैन । २०४६ को परिवर्तनपछि त्यो खारेज भयो । त्यतिखेर अञ्चलाधीश त्यो परिषदको पदेन अध्यक्ष हुन्थ्यो । अञ्चलमा पैठारी हुने व्यापारिक मालसामानमा बिलबिजकको आधारमा प्रवेशमार्गमा ढाट तेर्स्याएर खेलकुद विकास शुल्क उठाइन्थ्यो । अञ्चलाधीशले त्यसरी उठेको रकममा खेलकुदमा के कति लगाउँथे र के कतिले आफ्नो गोजी गर्म्याउँथे, अज्ञात थियो । त्यही समयमा अञ्चलाधीश आफ्नो कार्यालयबाट दिनहुँ जसो गाडी चढेर बजार जान्थे र सुनको गहना बनाउने व्यापारीको पसलमा पुग्थे भनिन्छ । अञ्चलको प्रमुख मानिस दिनहुँ यसरी किन गहना पसलमा धाइरहन्छ ? कसै कसैलाई जिज्ञासा हुनु स्वाभाविकै हो । रहस्य खुल्यो उनी पत्नीलाई फर्माइस अनुसारका गहना बनाइदिन त्यसरी जाँदा रहेछन् । यही प्रसङ्गमा भ्रष्टाचारको समाचार छापिएको थियो । यो समाचारले सम्पादक पन्तसँग अञ्चलाधीश खड्गबहादुर जीसी आगो भएर मौका पर्खेर बसेका थिए ।

पन्तसँग बदला लिन उनलाई चार महिनाको अन्तरालमा दुई ओटा मुद्दा लगाइयो । एउटा आरोप थियो– *सप्तगण्डकी* साप्ताहिकको वर्ष ३ अङ्क १९ (२०४२ कात्तिक २२) मा तत्कालीन रानी ऐश्वर्यको हिज्जे विगारेर ऐश्वैर्य छापेको र सोही अङ्कमा भूलसुधारसमेत गरेको हुँदा गल्ती भएको थाहा पाउँदापाउँदै पत्रिका प्रकाशित गरी वितरणसमेत गरेको । उनलाई लगाइएको दोस्रो आरोप थियो– वर्ष ३ अङ्क १४ (२०४२ असार ३) मा प्रकाशित तत्कालीन राजा वीरेन्द्रको मुख पृष्ठमा छापिएको फोटोलाई विकृत पारिएको र दोस्रो पृष्ठको सम्पादकीयमा ‘बम विस्फोटन हिंसात्मक विरोध’ शीर्षक राखी पञ्चायती व्यवस्था, देश र जनताप्रति समेत अनास्था पैदा गर्ने किसिमको लेख लेखेको । पहिलो मुद्दामा अञ्चल प्रशासनले सम्पादकलाई सफाइ दिए पनि मिसिल तामेलीमा राख्ने माग नगरिएकोमा तामेलीमा राख्ने आदेश भएको वेरीत भयो भनी अदालतमा सरकारका तर्फबाट पुनरावेदन गरिएको थियो । दोस्रो मुद्दामा चाहिँ अञ्चल प्रशासनले दुई हजार रुपियाँ जरिवाना गर्ने निर्णय गरेको थियो । पछि सम्पादकले अदालतमा मुद्दाको पुनरावेदन गरेपछि सम्पादकले दुवै मुद्दामा सफाइ पाएका थिए ।

यी दुई मुद्दाले निकै प्रचार पाए । नेपालमा मानव अधिकार हनन् सम्बन्धमा एसिया वाच न्युयोर्क अमेरिकाले पर्याप्त अध्ययन गरी तयार पारेको र सन् १९८९ मा प्रकाशित प्रतिवेदनमा यी दुई मुद्दा उल्लेख भएका छन् (एसिया वाच सन् १९८९) । सो प्रतिवेदनमा नेपालको तत्कालीन छापाखाना तथा प्रकाशन ऐनमा

भएका प्रेसमाथिका मानवाधिकार हनन् सम्बन्धमा प्रशासनबाट प्रतिबन्धात्मक हिंस्सा र अन्य कानून समेतको प्रयोग भएको सविस्तार वर्णन गरिएको छ। एसिया वाचको प्रतिवेदनमा *साप्ताहिक मञ्च, साप्ताहिक विमर्श*का सम्पादक/ प्रकाशक पदम ठकुराठी र केशवराज पिँडालीमाथि अञ्चल प्रशासनले गरेका कारवाही र अन्य पत्रिकाहरूमाथि भए गरेका कारवाहीका प्रसङ्ग पनि उल्लेख छ। विभिन्न मुद्दाहरूमा सरकारी कारवाही कसरी विवादास्पद हुन्छन् भन्ने कुराको उदाहरण प्रस्तुत गर्दा *सप्तगण्डकी*का प्रकाशक भूपनिधि पन्तमाथि गरिएको उपर्युक्त कारवाही पनि त्यहाँ प्रस्तुत भएको हो।

## उपसंहार

पञ्चायती शासनकाललाई कालरात्रीको संज्ञा दिइएको छ। २०१७ पुसदेखि २०४६ को अन्त्यसम्म रहेको यो कालमा धेरै पत्रिकाले जन्म लिए। तर तीमध्ये कति प्रकाशनमा आउँदाआउँदै हराए, कति चले र कतिले हलचल पनि मच्चाए। कतिले पत्रिकारिता गरेर यसलाई बदनाम पारे, कतिले पत्रकारितालाई कमाउने भाँडोको रूपमा उपयोग गरे र पर्वपत्रिकाको कलङ्क पनि तिनलाई लाग्यो। इतर विचारलाई 'मिसन' को रूपमा लिएर पत्रकारिता गर्ने पत्रिका र पत्रकारमाथि प्रशासनको दृष्टिकोण सदा बक्र नै हुन्थ्यो। त्यस्तो पत्रकारले सरकारी सुविधा सहयोग पाउँदैनथ्यो। सूचना पाउन पनि मुश्किल थियो। कति मण्डले पत्रकार थिए भने कति गुप्तचर पनि पत्रकार थिए। त्यस्ता पत्रकारहरू प्रहरी र प्रशासकका नजिक हुन्थे र ती प्रहरी र प्रशासक उनीहरूबाट विपक्षका राजनीतिक सूचना लिन्थे भन्ने सुनिन्थ्यो। प्राय: पत्रिकामा पठनीय सामग्री, विश्वसनीय र स्तरीय समाचार न्यून हुन्छन् भन्ने सिकायत गरिन्थ्यो।

पत्रिकाहरू नियमित थिएनन्, नयाँ वर्ष, राजा–रानीका जन्मोत्सव, दशैं, तिहार र एकाध अरू पर्वहरूमा शुभकामना विज्ञापन बटुल्नु र छाप्नु नै पत्रकारिता सम्भने अधिकांश पत्रकार छन् भन्ने समभ्र सर्वसाधारणको बनेको पाइन्थ्यो। त्यसमा पनि मोफसलको पत्रकारिताको स्थिति अरू नाजुक थियो। एउटै मानिस संवाददाता, सम्पादक, प्रकाशक, वितरक हुने स्थितिको पत्रकारिता कस्तो हुँदो हो ? पुरानो लेटर प्रेस, घिसिएका अक्षर, अपरिपक्व प्राविधिकद्वारा सञ्चालित प्रेसमा छापिने छापा कस्तो हुँदो हो ? अहिले अनुमान पनि गर्न सकिँदैन। सबै यस्तै थिए भन्ने पनि होइन, जति थिए ती सबै सर्वाङ्गपूर्ण थिए भन्ने पनि होइन। पत्रिका सम्पादक प्रकाशकहरू सम्पादक/प्रकाशकमा हुनुपर्ने सामान्य ज्ञान पनि नभएका र हिजो आजको जस्तो कम्प्युटर तथा अफसेट प्रविधि नआई सकेको त्यो

समयमा रहरको मात्रै पत्रकारिता गर्न हिम्मत गर्ने पत्रकार निश्चय नै साहसी व्यक्ति मान्नुपर्छ । वस्तुत: तिनले पाउन केही पाएनन्, दिनलाई अवश्य केही दिए भन्नै पर्छ । यस्तो काम (इलम) पनि हुन्छ भन्ने कुराको बोध समाजमा दिएका हुन् । त्यसैको जगमा आजको पत्रकारिता थिइरिँदै छ ।

यो प्रारभिक स्थितिको कुरा हो । प्रारम्भमा जहाँतही यस्तै भएको हुनुपर्छ । जन्मकालको शिशु जवान जस्तो हुन सक्तैन तर समय भएपछि यस्तो होला भनी हामी कल्पना भने गर्न सक्तछौँ । जनआन्दोलनपछि समयले ल्याएको परिवर्तनले पत्रकारितालाई नयाँ दिशा देखाएको छ । साधन-सुविधा पनि सुलभ भएका छन् । पत्रकारिताको व्यावसायिक सोच विकसित हुँदै गएको छ । पर्याप्त लगानी अझै आकर्षित भएको छैन । आशा गरौँ, त्यो पनि समयले ल्याउला । भविष्य उज्यालो प्रतीत भैरहेछ ।

२०४७ सालको संविधानले अभिव्यक्ति स्वतन्त्रता एवं प्रकाशन स्वतन्त्रताको प्रत्याभूति गरेकाले सञ्चारको क्षेत्रमा छापा र विद्युतीय माध्यममा अप्रत्याशित बाढी नै आयो । दैनिक, साप्ताहिक, पाक्षिक पत्रिकाहरू गरी तीन दर्जन जतिले प्रकाशनको अनुमति प्रशासनबाट पाएको अभिलेखले देखाउँछ । नौओटा एफएम रेडियो स्टेसन यहाँ चलेका छन् । तीमध्ये सात ओटा एफएम रेडियो स्थानीय स्तरबाट नै सञ्चालित छन् भने काठमाडौँका कान्तिपुर र इमेज एफएमले यहाँ कार्यालय र टावर स्थापना गरी काठमाडौँकै कार्यक्रम प्रसारण गर्दै आएका छन् । टिभीको केवल सेवा र च्यानल प्रसारण सुरु भैसकेका छन् ।[४] यसरी पत्रकारिताको सङ्ख्यात्मक विकास भएको छ, किन्तु गुणात्मक प्रगति अझै भैसकेको छैन । आशा गरौँ समयले त्यो अभावको सम्पूर्ति पनि गर्ने छ ।

## सन्दर्भ सामग्री

पराजुली, केशवराज । २०६३ । पोखरामा छापाखाना । *मिडिया अध्ययन १:* ९९-११३ ।

पराजुली, शेखर । २०५८ । पोखरेली मिडिया व्यवसायिकताको सञ्चारमा । *क्षेत्रीय मिडिया: विगत र वर्तमान* । प्रत्यूष वन्त, सं., पृ. २१३-२३८ । काठमाडौँ: मार्टिन चौतारी, सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

Asia Watch. 1989. *Human Rights Violations in Nepal: An Asia Watch Report August 1989.* New York: Asia Watch.

---

[४] २०४६ सालपछि पोखरेली मिडियामा भएको विकास र त्यस क्षेत्रमा देखिएको व्यावसायिकताबारेको जानकारीका लागि शेखर पराजुली (२०५८) हेर्नुहोस् ।